स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता विजय बराल डेढ महिनापछि फिल्म छायांकनमा फर्किएका छन्। गत जेठमा फिल्म "सिन्दुरे जात्रा"को छायांकनको क्रममा घोडाबाट लड्दा उनको दाहिने हात भाँचिएको थियो। यसपछि फिल्मको पूर्ण रूपमा छायांकन रोकियो। अघिल्लो साता विजयले हातको ब्यान्डेज हटाएपछि फिल्मको छायांकन पुनः सुरु गरिएको हो। विजय निको भएसँगै दुई साताअघिदेखि बाँकी छायांकन थालिएको निर्देशक सरोज पौडेलले जानकारी दिए।

**आजको विचार...**



गोविन्द भट्टराई

पुष्पलाल... *(दुई पेजमा)*

संगीतकार तथा गायक टंक बुढाथोकीको निर्देशनमा बन्न लागेको फिल्म "मन बिनाको धन २"मा कलाकारहरु भित्रिने क्रम अझै जारी छ। सरोज खनाल, विपिन कार्की, पूजा शर्मा, महेश त्रिपाठी, प्रकाश घिमिरे र किरण केसी अनुबन्धित भइसकेको फिल्ममा अब अभिनेत्री गौरी मल्लको प्रवेश भएको छ। उनीसँग आइतबार निर्माण पक्षले लिखित सम्झौता गरेको हो। फिल्ममा गौरीको भूमिका र जोडीबारे कुनै जानकारी गराइएको छैन। तर, फिल्म निकट स्रोतका अनुसार उनी सरोज खनालको जोडी भएर देखिनेछिन्।



❒ वर्ष ३२ ❒ अंक ६ ❒ २०८३ साउन ६ गते बुधबार 22 July 2026, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पाल्पामा लक्ष्यभन्दा बढी मुद्दा फछ्र्यौट

## वार्षिक लक्ष्यको १३१.४३ प्रतिशत

**भरत शर्मा**

**पाल्पा,** साउन ५/ पाल्पा जिल्ला अदालतले गत आर्थिक वर्ष २०८२/८३ मा लक्ष्यभन्दा बढी मुद्दा फछ्र्यौट गरेको छ । सो आर्थिक वर्ष ७ सय ५१ वटा मुद्दा फछ्र्यौट गर्ने लक्ष्य लिएकोमा जिल्ला अदालतले ९ सय ८७ वटा मुद्दा फछ्र्यौट गर्न सफल भएको हो । यो लक्ष्यको १३१ दशमलव ४३ प्रतिशत उपलब्धि हो ।

अदालतले वार्षिक प्रगति विवरण सार्वजनिक गर्दै वार्षिक लक्ष्य भन्दा बढी मुद्दा फछ्र्यौट गर्न सफल भएको जनाएको छ । जिल्ला न्यायाधीश हरि प्रसाद शर्मा पंगेनीले कामप्रति लगनशीलता र कर्मचारीको साथ र सहयोगले लक्ष्य भन्दा बढी प्रगति हासिल गर्न सफल भएको बताए । उनले भने "सबैको साथ सहयोगले हामीले प्रगति हासि गरेका हौं, त्यही सफलताका कारण देशमै दोस्रो तथा



लुम्बिनी प्रदेशमा पहिलो स्थानमा पुरस्कृत समेत हुन सफल भयौं ।" उनले न्याय ढिला दिनु भनेको न्याय नदिनु सरह भएकाले पिडित पक्षलाई न्याय दिन छिटो छरितो काम गरिएको उल्लेख गरे । नेपालको न्याय प्रणालीमा सुधार गर्नु पर्ने खाँचो रहेको बताउँदै न्यायाधीश पंगेनीले आफुले पाएको जिम्मेवारी सबैले इमान्दारीका साथ गर्नुपर्ने बताए । कार्यक्रममा अदालतका श्रेस्तेदार केशव पराजुलीले प्रगति विवरण प्रस्तुत गर्दै गत आर्थिक वर्षमा अदालतबाट विभिन्न प्रकृतिका ९ सय ८७ वटा मुद्दा फैसला भएको बताए । उनले विगतका आर्थिक वर्षहरुबाट २ सय ६९ मुद्दा र सो वर्ष नयाँ दर्ता भएका ९ सय ५३ वटा मुद्दा गरी कुल एक हजार २ सय २२ मुद्दामध्ये ९ सय ८७ वटा मुद्दा अर्थात् ८० दशमलव ७६ प्रतिशत मुद्दा फैसला गरिएको बताए । त्यस्तै उनका अनुसार अब २ सय ३५ मुद्दा फछ्र्यौट हुन बाँकी छ । जसमा १ वर्ष देखि १८ महिना भित्रका मुद्दाहरु १९ वटा, ६ महिनादेखि १ वर्षभित्रका २५ वटा र ६ महिनाभित्रका १९१ वटा मुद्दा रहेका छन् । १८ महिनाभन्दा पुराना कुनै पनि मुद्दा बाँकी नरहेको अदालतले जनाएको छ ।

मासिक प्रगति विवरणअनुसार अधिकांश महिनामा अदालतले तोकिएको लक्ष्य पूरा गरेको देखिन्छ । विशेषगरी वैशाख महिनामा सबैभन्दा बढी ११० मुद्दा फछ्र्योट भएको छ, जुन मासिक लक्ष्यभन्दा उल्लेखनीय रूपमा बढी हो । अदालतका तहसिलदार राम प्रासाद पोखरेलले अदालतले प्रगति हासिल गर्नुमा न्यायाधीशको कामप्रतिको बफादारिता र सबै कर्मचारीको सहयोग रहेको बताए । जिल्लामा सम्बन्ध विच्छेदका मुद्दा बढ्दै गएको अदालतका शाखा अधिकृत राम चन्द्र खनालले बताए । गत आर्थिक वर्षमा यस सम्बन्धी ६४५ मुद्दा दर्ता भएकोमा ५५५ फछ्यौट भएको उनले जानकारी दिए । अंश, लेनदेन, माना चामल, वैवाहिक, सवारी ज्यान, चोरी, डाँका, बैंकिङ कसुर लगायतका मुद्दा समेत यस आर्थिक वर्षमा वढी भएको खनालले बताए ।

## संक्षिप्त समाचार

### सिक्किम सुरुङ दुर्घटनामा नौ जनाको मृत्यु

**(रासस/एएफपी)**

**नयाँदिल्ली,** साउन ५/भारतको हिमाली राज्य सिक्किममा निर्माणाधीन जलविद्युत् आयोजनाको सुरुङ भत्किँदा कम्तीमा नौ जना मजदुरको मृत्यु भएको छ भने अझै १५ जना सुरुङभित्र फसेका छन् । विषाक्त मिथेन ग्यासका कारण उद्धार कार्य कठिन बनेको अधिकारीहरूले मङ्गलबार बताएका छन् । दुर्घटना सोमबार टिस्टा नदीमा निर्माणाधीन सरकारी जलविद्युत् परियोजनाको सुरुङमा भएको हो । त्यसबेला मजदुरहरू सुरुङ निर्माणको काम गरिरहेका थिए । सिक्किम राज्य विपद् व्यवस्थापन प्राधिकरणका निर्देशक राजीव रोकाले सुरुआतमा २५ देखि २७ जना मजदुर फसेको अनुमान गरिएको बताउँदै हालसम्म नौ जनाको शव निकालिएको जानकारी दिए । उनका अनुसार अझै १५ जना सुरुङभित्र रहेको अनुमान गरिएको छ र उनीहरूको उद्धारका लागि अभियान जारी छ । प्रारम्भिक जानकारीअनुसार सुरुङ भत्किनुको कारण विस्फोट हुन सक्ने अनुमान गरिएको भए पनि त्यसको वास्तविक कारण अझै स्पष्ट हुन सकेको छैन । दुर्घटना सुरुङको गहिरो भागमा भएकाले अनुसन्धानमा कठिनाइ भइरहेको अधिकारीहरूले बताएका छन् ।

# जनप्रतिनिधी कुट्ने युवक पक्राउ



**गुल्मी (तम्घास),** साउन ५/सोमबार दिउँसो जिल्ला प्रशासन कार्यालय परिसरमा जनप्रतिमाथि भौतिक आक्रमण गर्ने ईस्मा गाउँपालिका- १ का ४५ बर्षका विष्णु कुंवरलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रवक्ता डिएसपिका अनुसार सोमबार नागरिकता सम्बन्धी विवाद हुँदा प्रशासन कार्यालय परिसरमै रेसुङ्गा नगरपालिका वडा - १० का वडा सदस्य कृष्ण कुमार बस्नेत माथि भौतिक आक्रमण गरे पछि कुंवर त्यहाँबाट भागेका थिए । उनलाई प्रहरीले अर्घाखाँची र गुल्मीको सीमानाबाट पक्राउ गरेको हो । आफुलाई विनासित्तै हेल्मेटले आक्रमण गरेर घाईते बनाएको अभियोगमा वडा सदस्य बस्नेतले सोमबार साँझ लिखित जाहेरी दिए पछि प्रहरीले उनको खोजी कार्य गरी पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख भीम किरण बोगटीले शित्तलपाटी डटकमलाई जानकारी दिए । उनका अनुसार कुंवरलाई पक्राउ गरी थप अनुसन्धान अगाडि बढाइएको छ ।

# सरकारले हटायो शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाएको कर

**काठमाडौं,** साउन ५/सरकारले निजी शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाइएको ३ प्रतिशत समता कर हटाएको छ । प्रधानमन्त्री वालेन्द्र शाहले सामाजिक सञ्जालमार्फत उक्त व्यवस्था कार्यान्वयन गर्दा आममानिसले थप खर्च र निराशा भोग्नु पर्ने देखिएको उल्लेख गर्दै अहिलेका लागि समता कर हटाइएको उल्लेख गरेका छन् ।

प्रधानमन्त्री शाहले अर्थमन्त्री स्वर्णिम वाग्लेसँगको परामर्शपछि हालका लागि शिक्षा समता शुल्क र स्वास्थ्य समता शुल्क लागु नगर्ने निर्णय गरिएको बताए । "यो सरकार जनताको विश्वास र अपेक्षाबाट बनेको जनमुखी सरकार हो । हाम्रो मुख्य उद्देश्य सुशासन कायम गर्दै सबै नागरिकलाई गुणस्तरीय जीवनको अनुभूति गराउनु हो," प्रधानमन्त्री शाहले भने । तीन प्रतिशत समता कर ल्याउनुको उद्देश्य दुर्गम र पछाडी परेका क्षेत्रका नागरिकलाई राम्रो शिक्षा र स्वास्थ्य



सेवा उपलब्ध गराउनु, दलित, सिमान्तकृत तथा विपन्न बालबालिकालाई सहयोग गर्नु, स्वास्थ्य बीमा विस्तार गर्नु र त्यसका लागि आवश्यक आर्थिक स्रोत जुटाउनु रहेको प्रधानमन्त्रीको भनाइ छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## स्टन्ट होइन, परिणाम देऊ

बहुमत प्राप्त गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को नेतृत्वमा अहिले सरकार छ । राजनीतिक अस्थिरताको शृङ्खलाबाट थाकेका नागरिकले यसपटक यो सरकारबाट कम्तीमा सुशासन, सेवा प्रवाहमा सुधार, अर्थतन्त्रको पुनरुत्थान र स्थिर शासनको अनुभूति गर्ने अपेक्षा गरेका थिए । तर सरकारको चारमहिने यात्राको समीक्षा गर्दा अपेक्षा र वास्तविकताबीचको दूरी बढ्दै गएको देखिन्छ । सरकारले गरेका केही सकारात्मक प्रयासलाई नकार्न मिल्दैन, तर तीभन्दा बढी चर्चा सरकारका मन्त्रीहरूको अभिव्यक्ति, प्रचारमुखी गतिविधि र आलोचनाप्रतिको असहिष्णुताले पाएको छ । राजनीतिमा लोकप्रियता कमाउन सजिलो छ, तर जनअपेक्षा पूरा गर्न कठिन । पछिल्ला वर्षहरूमा रास्वपाले आफूलाई पुराना राजनीतिक दलहरूको विकल्पका रूपमा स्थापित गर्ने प्रयास गरे पनि उसका गतिविधिले त्यस्तो देखाउँदैन ।

लोकतन्त्रमा सरकारको शक्ति आलोचकलाई चुप लगाउनमा होइन, आलोचनालाई सुन्न र त्यसबाट आफूलाई सुधार्न सक्ने क्षमतामा निहित हुन्छ । सरकारका मन्त्री वा नेतृत्व तहबाट आउने प्रत्येक अभिव्यक्ति राज्यको आधिकारिक दृष्टिकोणको प्रतिनिधित्व गर्ने भएकाले त्यसमा संयमता, परिपक्वता र जिम्मेवारी अनिवार्य हुन्छ । तर पछिल्ला दिनमा आलोचना गर्नेहरूप्रति आक्रामक भाषा प्रयोग गर्ने, सामाजिक सञ्जालमार्फत प्रतिवाद गर्ने वा राज्यशक्तिको प्रदर्शन गर्ने प्रवृत्तिले सरकारको लोकतान्त्रिक चरित्रमाथि नै प्रश्न उठाएको छ । सरकारको मूल्याङ्कन सामाजिक सञ्जालका पोस्ट, भाषण वा प्रचारबाट हुँदैन । जनताले महसुस गर्ने परिवर्तन नै सरकारको वास्तविक उपलब्धि हो । आज पनि अर्थतन्त्रले अपेक्षित गति समातेको छैन । निजी क्षेत्र लगानी विस्तारमा विश्वस्त देखिएको छैन । निर्माण व्यवसायीले भुक्तानीको समस्या भोलिरहेका छन् । युवाको विदेश पलायन रोकिएको छैन । कृषि, शिक्षा र स्वास्थ्य क्षेत्रमा अपेक्षित सुधार देखिएको छैन । यस्ता आधारभूत चुनौती समाधान गर्नुपर्ने बेला सरकार प्रचार र विवादमै बढी केन्द्रित भएको देखिनु चिन्ताको विषय हो । सरकार सञ्चालन भनेको सामाजिक सञ्जालमा आकर्षक सन्देश दिनु वा तत्काल चर्चामा आउने निर्णय गर्नु मात्र होइन । राज्य सञ्चालनमा स्पष्ट नीति, कानुनी प्रक्रिया, प्रशासनिक क्षमता र निरन्तर कार्यान्वयन आवश्यक हुन्छ । प्रचारमुखी गतिविधिले केही समय जनताको ध्यान तान्न सक्छ, तर त्यसले जनविश्वास लामो समय टिकाउन सक्दैन । आज नेपाली जनतालाई स्टन्टको राजनीति होइन, परिणाम दिने शासन चाहिएको छ । रोजगारी, सुशासन, सेवा प्रवाह, आर्थिक सुधार र कानुनी राज्यको प्रत्याभूति नै सरकारको सफलताको वास्तविक मापदण्ड हो । जुनसुकै दल सरकारमा भए पनि जनताले भाषण होइन, परिणाम खोज्छन् । तसर्थ सरकारले प्रचारको चमकभन्दा कामको प्रभावलाई प्राथमिकता दिनु आजको आवश्यकता हो ।

### Opinion @ Social Network

समय कहिल्यै एकनास रहदैंन,
आजको दु:खले नै भोलिको खुसीको वास्तविक मूल्य बुझाउँछ ।
*(बिमला बगालेको फेसबुक स्टाटसबाट www.facebook.com/Bimala.Bagale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

सन्दर्भ : पुष्पलाल र बीपी स्मृति दिवस

# पुष्पलाल र बीपीको भजन मात्र गाउँने हो वा कर्म अनुकरण गर्ने ?



## गोविन्द भट्टराई

*असल कर्मकै कारण बीपी र पुष्पलाल आजपर्यन्त साझा नेताको रुपमा स्थापित भएका छन् । यसर्थ बीपी र पुष्पलाल सम्पूर्ण नेपालीजनका शिर्ष व्यक्तित्व हुन् । विडम्बना, नेपालका कम्युनिष्ट पार्टीले पुष्पलाल अनि नेपाली काँग्रेसले बीपीलाई आफ्नो कित्ताको मात्र नेता ठानेर बखान गर्न रुचाउँछन् तर उहाँहरूबाट आफूले के सिके ? समीक्षा गर्न चुकेका छन् । देश र नागरिक हितमा समर्पित एवम् असल कर्मका कारण रामेछापको भंगेरीमा जन्मेका पुष्पलाल आम नेपालीको मनमनमा पुग्न सके । योगदानकै बलमा विराटनगरका बीपी सबैका नेता बन्न सके । मूलतः नेपाल कम्युनिष्ट पार्टीको स्थापनामा पुष्पलाल र नेपाली काँग्रेसको स्थापनामा बीपीको योगदान छ । दुवैले राष्ट्र तथा पार्टी हितका लागि त्याग गरेका छन् । दुवै नेताले अन्ततः कम्युनिष्ट र काँग्रेस मिलेर मात्र निरङकुश पञ्चायती व्यवस्थाको अन्त्य गर्न सकिने तथ्य मनन् गर्न पुगेका थिए । बि.सं.२०४६ को संयुक्त जनआन्दोलन त्यही आधारमा अगाडि बढेको इतिहास साक्षी छ ।*

नेपालमा हरेक वर्ष साउन महिनाको ६ गते बीपी र ७ गते पुष्पलालको फोटोमा माल्र्यापण गरेपछि नेताहरूले उहाँहरूको योगदानबारे चर्चा गर्दै आफू उहाँहरूले देखाएको मार्गमा हिंड्ने प्रतिवद्धता व्यक्त गर्दछन् । कार्यक्रमस्थलबाट बाहिरएपछि ती नेता वा कार्यकर्ताले बीपी र पुष्पलाललाई बिर्सने गरेकाले नै देशमा विकृति, विसंगति मौलाएको प्रष्ट छ । शासन सत्ताको नेतृत्व परिवर्तन लगत्तै नागरिकमा आसा जागेपनि काममा इमान, जमान होईन स्वार्थभाव बढेको छ । समाजमा सद्भाव, सदाचार हराएको छ । यो क्रम: कहिले टुट्ला ? सवाल गम्भीर छ ।



तथ्य प्रष्ट छ, मनमोहन अधिकारी, मदन भण्डारी जस्ता पुष्पलालका राष्ट्रभक्त अनुयायी तथा गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई जस्ता बीपीका अनुयायी निस्वार्थी नेता नागरिकले स्मरण गरे पनि देशले पाएको छैन् । असल कर्मकै कारण बीपी र पुष्पलाल आजपर्यन्त साझा नेताको रुपमा स्थापित भएका छन् । यसर्थ बीपी र पुष्पलाल सम्पूर्ण नेपालीजनका शिर्ष व्यक्तित्व हुन् । विडम्बना, नेपालका कम्युनिष्ट पार्टीले पुष्पलाल अनि नेपाली काँग्रेसले बीपीलाई आफ्नो कित्ताको मात्र नेता ठानेर बखान गर्न रुचाउँछन् तर उहाँहरूबाट आफूले के सिके ? समीक्षा गर्न चुकेका छन् । देश र नागरिक हितमा समर्पित एवम् असल कर्मका कारण रामेछापको भंगेरीमा जन्मेका पुष्पलाल आम नेपालीको मनमनमा पुग्न सके । योगदानकै बलमा विराटनगरका बीपी सबैका नेता बन्न सके । मूलत: नेपाल कम्युनिष्ट पार्टीको स्थापनामा पुष्पलाल र नेपाली काँग्रेसको स्थापनामा बीपीको योगदान छ । दुवैले राष्ट्र तथा पार्टी हितका लागि त्याग गरेका छन् । दुवै नेताले अन्तत: कम्युनिष्ट र काँग्रेस मिलेर मात्र निरङकुश पञ्चायती व्यवस्थाको अन्त्य गर्न सकिने तथ्य मनन् गर्न पुगेका थिए । बि.सं.२०४६ को संयुक्त जनआन्दोलन त्यही आधारमा अगाडि बढेको इतिहास साक्षी छ । नेपालको समग्र विकासका लागि काँग्रेस र कम्युनिष्टले सहयात्रा गर्न सक्नुपर्छ भन्ने तथ्य बीपीका कान्छा भाइ पूर्व प्रधानमन्त्री स्व. गिरिजाप्रसाद कोइरालाले समेत प्रौढअवस्थामा मनन् गर्नुभएको थियो । मनमोहन अधिकारी, साहना प्रधान, गणेशमान, कृष्णप्रसाद भट्टराईले २०४६ को जनआन्दोलन ताका नै संयुक्त जनआन्दोलनको मर्म बुझिसक्नु भएको थियो । दु:खको कुरा आसेपासेहरुको कुरा, परिवार र पार्टीभित्रको खिंचलोले कांग्रेस, कम्युनिष्ट पार्टीका शिखर ब्यक्तित्वहरू नै ऐन मौकामा चुकेको घटनाहरू कसरी नजरअन्दाज गर्नु ? हाम्रै देशमा २०५२ बाट आरम्भ नेकपा माओवादीको सशस्त्र आन्दोलनलाई सुरक्षित अवतरणका लागि २०६२/६३ को आन्दोलनमा तत्कालीन कम्युनिष्ट–कांग्रेस पार्टीका शिर्ष नेताहरुको समेत यथोचित भूमिका रहेको सन्दर्भ समेत स्मरण गर्न जरुरी छ ।





यी कुरा थाती राखौँ, पुष्पलाल र बीपीबाट वर्तमानमा हाम्रा नेताले के सिके ? आम नेपालीका सपना पूरा गर्न वा संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागतका लागि उनीहरूले पुष्पलाल र बीपीबाट के प्रेरणा लिए ? पार्टी जीवन वा आफ्नै जीवन– ब्यवहारमा के लागू गरे ? चुरो कुरोमा छलफल गरौं भन्ने पंक्तिकारको आग्रह हो । यतिबेला नवयुवा विद्रोहको जगमा निर्वाचन मार्फत् गठित सरकार छ यसले विगतका कमिकमजोरीबाट पाठ सिकोस् देश अनि आम नेपालीको हितमा क्रियाशील रहोस् शुभकामना ! तथापि, प्रष्ट संकेत देखिन जरुरी छ नेपाली मनमा आशा जागेको छ भन्ने । संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल घोषणा भएको दुईदशकको अवधिमा देशमा तीन तहका सरकारले शासन गरिरहेका छन् । सिंहदरबारको अधिकार गाउँ-गाउँमा विकेन्द्रित गरिएको भनिन्छ तर ब्यवहार गाउँविकास समितिबाट भन्दा पालिकाहरुबाट प्रवाह गरिने सेवा आमनागरिकका लागि असहज बनेको गुनासो छ । भूगोल नमिलेका व्यथा, सेवा प्रवाहका जटिल प्रक्रिया, राम्रा भन्दा हाम्रालाई टाकुरे लगाउने प्रवृत्ति गणतन्त्रमा पनि उस्तै छ । पार्टीका नेता, कार्यकर्ता हुन वा पार्टी बलमा चुनाव जितेका अन्य निर्वाचित जनप्रतिनिधिको भूमिका आयोग पास गरेको कर्मचारीको जत्ति पनि नभएको गुनासो सुनिन्छ । कम्युनिष्ट पार्टीका नेता, कार्यकर्ताले पुष्पलाल आफूहरूको आदर्श बताउन रुचाउँछन् तर ब्यवहारमा सामन्त प्रवृत्ति हटेको छैन् । भनिन्छ नेताको जीवन शैली फेरियो तर आमसर्वसाधारण नेपालीको हालत उस्तै छ । संविधानले ब्यवस्था गरेको मौलिक हक उपभोग गर्न नपाएको गुनासो प्रति नेता, जनप्रतिनिधि बेखवर छन् ? वा सम्बोधन गर्न आवश्यक ठानेका छैनन् ? नागरिकले हेरेका छन् । भाषण, भत्ता र सत्ताको सेरोफेरोमा पुष्पलाल र बीपीलाई आृनो आदर्श ठान्नेहरू सीमित स्वार्थमा केन्द्रित हुनु दु:खद कुरा हो । निजी सम्पत्तिलाई महत्व दिने स्वार्थी प्रवृत्तिका हाम्रा नेता कार्यकर्ताकै कारण निष्ठाको राजनीति ओझेलमा परेको छ । यो तथ्य नवयुवा पुस्ताले समेत मनन् गर्न आवश्यक देखिन्छ । हरेकवर्ष साउनमा बीपी र पुष्पलाललाई केवल एकदिन वा एकछिन स्मरण गरेर मात्र कर्तब्य पुरा हुँदैन बरु उहाँहरुको असल कर्म, योगदानबाट शिक्षा लिन जरुरी छ । त्यसो गर्न सके मात्र उहाँहरुलाई सच्चा श्रद्धाञ्जली दिएको ठहर्नें छ । सरोकारवालाको ध्यानाकर्षण होस् ।

***( लेखक स्वतन्त्र पत्रकार हुन् )***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखॉची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : राम्रो उपलब्धि हात पर्नेछ। शान्त भएर अघि बढ्दा काम बिग्रिने छैन। | **तुला**: कसैसँग भेट भएर मन खुसी हुनेछ। काम सुरु गर्ने सोच आउन सक्छ। |
| **वृष** : अधुरा काम पूरा गर्ने समय आएको छ। परिवारले साथ तपाईंको दिनेछन्। | **वृश्चिक** : कुनै पनि निर्णय हतारमा नगर्नुहोस्। शान्त भएर सोच्दा सही बाटो भेटिनेछ। |
| **मिथुन** : अवसरले ढोका ढकढक्याउन सक्छ। समस्या सजिलै समाधान हुन सक्छ। | **धनु** : मन लागेको काम सुरु गर्न राम्रो दिन छ। परिवारसँग रमाइलो समय बित्नेछ। |
| **कर्कट** : घर र कामलाई बराबर समय दिनुहोस्। खर्च हिसाब गरेर गर्नु राम्रो हुनेछ। | **मकर** : रोकिएको काम फेरि अघि बढ्नेछ। पैसा खर्च गर्दा सोचेर गर्नुहोस्। |
| **सिंह** : विचार स्पष्ट रूपमा राख्न सकिनेछ। बोलीले धेरै कुरा मिलाउन सक्छ। | **कुम्भ** : धैर्यले सफलता नजिक ल्याउनेछ। बोल्नुभन्दा काम गरेर देखाउनु राम्रो हुनेछ। |
| **कन्या** : खर्चमा नियन्त्रण गर्नु उचित हुनेछ। धेरै थकाइ लागे आराम गर्नुहोस्। | **मीन** : कार्यक्षेत्रमा नयाँ सम्भावना देखा पर्नेछ। अरूको काममा अल्झिनु राम्रो हुँदैन। |

## कला मनोरञ्जन

# साउनसँगै युट्युबमा तीज गीतको रौनक



तीज पर्व आउन अझै करिब दुई महिना बाँकी रहे पनि साउन लागेसँगै नेपाली सांगीतिक बजारमा तीज गीतको रौनक सुरु भएको छ । हरेक वर्षझैँ यसवर्ष पनि गायक-गायिका तथा सर्जकहरूले तीजलाई लक्षित गर्दै नयाँ-नयाँ गीत सार्वजनिक गर्न थालेका छन् । त्यसको प्रत्यक्ष प्रभाव युट्युब र अन्य डिजिटल प्लेटफर्ममा देखिन थालेको छ, जहाँ दैनिकजसो नयाँ तीज गीत सार्वजनिक भइरहेका छन् । अहिले संगीत बजारमा तीज गीतकै माहोल छाएको छ । अन्य विधाका गीत सार्वजनिक भइरहे पनि दर्शकको ध्यान भने मुख्यत: तीज गीततर्फ केन्द्रित देखिन्छ । युट्युबमा सार्वजनिक हुने नयाँ गीतहरूले छोटो समयमै लाखौं दर्शक तान्न थालेका छन् भने सामाजिक सञ्जालमा पनि तिनै गीतको चर्चा व्यापक छ । यसले तीज पर्वको आगमनको संकेतमात्र होइन, नेपाली सांगीतिक उद्योगमा मौसमी गीतको प्रभाव अझै बलियो रहेको देखाएको छ । यस वर्षका लागि अहिलेसम्म बजारमा आएका तीज गीतमा परम्परागत विषयसँगै प्रेम, दाम्पत्य सम्बन्ध, सौन्दर्य, रमाइलोपन र आधुनिक जीवनशैलीका प्रसंगलाई पनि समेटिएको छ । छोरीचेलीका दु:ख, वेदना, माइतीघरको सम्झना, सामाजिक यथार्थदेखि लिएर प्रेम, रोमान्स र नृत्यप्रधान प्रस्तुतिसम्मका विविध विषय अहिलेका गीतमा देख्न सकिन्छ । पछिल्ला दिनमा सार्वजनिक भएका गीतले उल्लेख्य सफलता हासिल गरिरहेका छन् । एलिना चौहान, रचना रिमाल, मेलिना मैनाली र दीपिका बयम्बुको स्वर रहेको तथा दीपक शर्माको शब्द-संगीतमा तयार भएको 'नौरती फुली' सार्वजनिक भएको दुई दिनमै झण्डै साढे चार लाखपटक हेरिएको छ । छोटो समयमै प्राप्त भएको यो दर्शक संख्या तीज गीतप्रतिको आकर्षणको संकेतका रूपमा हेरिएको छ । यस्तै, गीतकार डिपी दाहाल 'परिश्रमी'को शब्दरचना रहेको 'मया' बोलको तीज गीत पनि सार्वजनिक भएको छ । नेपाल आइडलबाट चर्चामा आउनुभएकी गायिका प्रेरणा सिंहको स्वर रहेको उक्त गीतमा विशाल निरौलाको संगीत छ । प्रेमभाव र आधुनिक प्रस्तुतिका कारण यो गीतले पनि दर्शकको ध्यान तानेको छ । त्यसैगरी देवी घर्तीमगर र सुनिता बुढामगरको 'तीज आयो बरिलै', समीक्षा अधिकारी र प्रकाश पराजुलीको स्वरमा रहेको 'लाहूरेनी'लगायतका गीतले पनि युट्युबमा राम्रो प्रतिक्रिया बटुलिरहेका छन् । यी गीतमा प्रेम, दाम्पत्य सम्बन्ध, शृंगार, हास्यरस र नृत्यलाई प्राथमिकताका साथ प्रस्तुत गरिएको छ । नेपाली संगीत क्षेत्रमा तीजलाई पर्व गीतको मुख्य मौसमका रूपमा लिइन्छ । यही कारण साउन लागेदेखि अधिकांश कलाकार तीज गीतको रेकर्डिङ, छायांकन तथा सार्वजनिक गर्ने तयारीमा व्यस्त हुन्छन् । लोकदोहोरी, आधुनिक तथा अन्य विधाका गीतभन्दा तीज गीत निर्माणलाई प्राथमिकता दिइने भएकाले यो अवधिमा अन्य विधाका सिर्जना तुलनात्मक रूपमा कम सार्वजनिक हुने गरेका छन् । संगीतकर्मीहरूका अनुसार तीज गीतको बजार अहिले डिजिटल प्लेटफर्म केन्द्रित बनेको छ । युट्युबमा दर्शक संख्या, ट्रेन्डिङ सूची र सामाजिक सञ्जालमा हुने चर्चाले गीतको लोकप्रियता निर्धारण गर्न थालेपछि कलाकारबीच प्रतिस्पर्धा झन् तीव्र बनेको छ । त्यसैले पर्व आउनुअघि नै धेरैभन्दा धेरै दर्शकमाझ पुग्ने उद्देश्यले सर्जकहरू समयमै गीत सार्वजनिक गर्न सक्रिय देखिन्छन् । तीज गीतको बढ्दो लोकप्रियतासँगै यसको बदलिँदो स्वरूपबारे बहस पनि प्रत्येक वर्षजस्तै यसवर्ष पनि चर्किएको छ । विगतमा तीज गीत महिलाका दु:ख, पीडा, माइतीघरको सम्झना, सामाजिक विभेद, घरेलु हिंसा, वैदेशिक रोजगारीका असर, लैंगिक असमानता तथा महिला अधिकारजस्ता विषयमा केन्द्रित हुन्थे । ती गीतले मनोरञ्जनमात्र होइन, समाजका विकृति र विसंगतिमाथि प्रश्न उठाउँदै चेतनामूलक सन्देश पनि दिने गर्थे । तीज महिलाले आफ्ना भावना खुला रूपमा व्यक्त गर्ने एउटा सांस्कृतिक माध्यमका रूपमा स्थापित थियो । तर, पछिल्ला केही वर्षयता तीज गीतको विषयवस्तु उल्लेख्य रूपमा परिवर्तन भएको देखिन्छ । अहिलेका अधिकांश गीत प्रेम, रोमान्स, श्रीमान्-श्रीमतीबीचको संवाद, शृंगार, फेशन, टिकटक शैलीको नृत्य तथा मनोरञ्जनमा केन्द्रित छन् । कतिपय गीतमा सामाजिक सञ्जाल, आधुनिक जीवनशैली र समसामयिक प्रवृत्तिलाई समावेश गरिएको छ । यही परिवर्तनलाई लिएर संगीत क्षेत्र दुई धारमा विभाजित देखिन्छ । एकथरी सर्जक तथा संस्कृतिविद्हरू मौलिक तीज संस्कृतिको मर्म क्रमश: हराउँदै गएको बताउँछन् । उनीहरूका अनुसार तीज गीतले महिलाका वास्तविक भोगाइ, संघर्ष, सामाजिक चेतना र अधिकारका विषयलाई प्राथमिकता दिनुपर्नेमा अहिले व्यावसायिक सफलता, युट्युब भ्युज र लोकप्रियताको प्रतिस्पर्धाले गीतको विषयवस्तु नै परिवर्तन गरिदिएको छ । पछिल्ला केही वर्षमा कतिपय तीज गीत शब्द, प्रस्तुति र नृत्यशैलीका कारण विवादमा समेत तानिएका उदाहरण छन् । अर्कोतर्फ कलाकार भने समाज, समय र दर्शकको रुचिअनुसार संगीत परिवर्तन हुनु स्वाभाविक प्रक्रिया भएको तर्क गर्छन् । उनीहरूका अनुसार डिजिटल युगमा नयाँ पुस्ताको रोजाइ फरक भएकाले परम्परा र आधुनिकतालाई सन्तुलन गर्दै सिर्जना गर्नु आवश्यक छ । आधुनिक प्रस्तुति अपनाउँदै मौलिकता जोगाउन सकिने उनीहरूको विश्वास छ । युट्युब, फेसबुक, टिकटक तथा अन्य डिजिटल माध्यमको प्रभावसँगै तीज गीतको प्रतिस्पर्धा पहिलेभन्दा निकै बढेको छ । पर्वअघि नै दर्जनौं नयाँ गीत सार्वजनिक हुने क्रम अझै जारी रहने अपेक्षा गरिएको छ । अहिले गीतको सफलता केवल रेडियो वा टेलिभिजन प्रसारणमा सीमित नरही डिजिटल दर्शक संख्या, सामाजिक सञ्जालको पहुँच र छोटा भिडियो प्लेटफर्ममा हुने प्रयोगबाट समेत मापन हुनथालेको छ । यही कारण कलाकार, निर्माता तथा संगीत कम्पनीहरू तीजअघि नै उत्कृष्ट गीत सार्वजनिक गर्ने होडमा छन् । कतिपय गीत केही घण्टामै लाखौं दर्शकमाझ पुग्न सफल भएका छन् भने सामाजिक सञ्जालमा भाइरल हुने उद्देश्यले भिडियो निर्माण शैलीमा समेत परिवर्तन देखिएको छ । नेपालका विभिन्न भू-भागमा बसोवास गर्ने महिलाहरूले आ-आफ्नै शैलीमा नाच्दै, गाउँदै तीजपर्व मनाउने परम्परा आज पनि जीवित छ । सामूहिक रूपमा भेला भएर तीज गीत गाउने र नाच्ने संस्कृति नेपाली समाजको विशिष्ट पहिचानका रूपमा रहिआएको छ । समयसँगै गीतको प्रस्तुति र विषयवस्तु परिवर्तन भए पनि तीज गीत नेपाली महिलाको भावना, उत्सव र सांस्कृतिक पहिचान अभिव्यक्त गर्ने महत्त्वपूर्ण माध्यमका रूपमा अझै स्थापित छ । यसवर्ष पनि तीज नजिकिँदै जाँदा नयाँ-नयाँ गीत सार्वजनिक हुने क्रम तीव्र देखिएको छ । अब दर्शकको रोजाइ कुन गीतमा पर्छ, मौलिकता र आधुनिकताको सन्तुलन कसरी कायम हुन्छ र तीज गीतले मनोरञ्जनसँगै सामाजिक सन्देशलाई कति स्थान दिन्छ भन्ने विषय संगीत क्षेत्रको प्रमुख चासो बनेको छ । यस वर्ष तीज गीत निर्माणमा स्थापित कलाकारसँगै नयाँ पुस्ताका गायक-गायिका, सर्जक र मोडलहरूको सहभागिता उल्लेख्य रूपमा बढेको छ । आकर्षक छायांकन, आधुनिक प्रविधि, सामाजिक सञ्जालको प्रभावकारी प्रयोग तथा छोटो भिडियो प्लेटफर्ममार्फत प्रचार-प्रसार गरिएकाले गीतहरू सार्वजनिक भएको केही घण्टामै लाखौं दर्शकमाझ पुग्न सफल भइरहेका छन् । यसले तीज गीतको बजारलाई थप प्रतिस्पर्धी बनाएको छ । संगीतकर्मीहरूका अनुसार अहिले तीज गीत केवल पर्वको अवसरमा मात्र सीमित नरही डिजिटल मनोरञ्जन उद्योगको महत्वपूर्ण हिस्सा बन्दै गएको छ । यसले तीज गीतको बजारलाई थप प्रतिस्पर्धी बनाएको छ । ***-इहिमालयन डटकम***

# राष्ट्रिय लोकदोहोरी अवार्डका उत्कृष्ट पाँच मनोनयन सार्वजनिक



राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान, उपत्यका समन्वय समितिको आयोजनामा हुने 'गरिमा नवौँ राष्ट्रिय लोकदोहोरी अवार्ड, २०८३' का लागि उत्कृष्ट पाँच कलाकार मनोनयनमा परेका छन् । प्रतिष्ठानका केन्द्रीय अध्यक्ष रिता थापामगर, उपत्यका समितिका अध्यक्ष प्रसाद लामिछानेसहितको उपस्थितिमा निर्णायक समितिका संयोजक एवं पूर्वकेन्द्रीय अध्यक्ष दुर्गा रायमाझीको नेतृत्वको छनोट समितिले हरेक विधातर्फ रचनाका बोल, शब्द र सम्पादनसहित विभिन्न २४ विधामा १२० उत्कृष्ट कलाकार छनोट गरेको हो । समन्वय समितिका उपाध्यक्ष राजेश ढकालका अनुसार आगामी भदौ ६ गते काठमाडौँमा हुने 'अवार्ड' मा श्रोता दर्शकको 'भोटिङ' र निर्णायक समितिको निर्णयका आधारमा हरेक विधामा एक/एक सर्वोत्कृष्ट घोषित हुनेछन् । प्रतियोगिताका लागि मुलुकभरबाट आवेदन परेको थियो । अवार्डअन्तर्गत २०८०-२०८२ सम्मको 'सर्वोत्कृष्ट लोकदोहोरी गायक'तर्फ खेम सेन्चुरी (तल्लो बाटो), सागर आले (युके बस्ने दाई), प्रकाश दुतराज (छैन र माया), अर्जुन सापकोटा (झलीको), कुशल बेल्वासे (काँचो सुपारी), 'सर्वोत्कृष्ट लोकदोहोरी गायिका'तर्फ शान्ति श्री परियार (जुनेली रातै रातैमा), शान्तारानी परियार (स्याउली बजारमा), दिपिका ब्यम्बो मगर (कस्मिरे पछेउरी), कालिका रोका (देउरालीलाई फूलपाति धजा), निशा गुरुङ (युके लन्डनको) उत्कृष्ट पाँचमा परेका छन् । 'सर्वोत्कृष्ट लोक दोहोरी नवगायक' मा शीतल गुरुङ (भागौला त्रिशूली तरेर), किरण विसी (गोर्खाली), रायन बस्याल (घामपानी छाता), सुरेश अन्जान (हिमाली फूल), अनिल पुनमगर (गुन्युचोली) 'सर्वोत्कृष्ट लोक दोहोरी नवगायिकातर्फ निर्मलादेवी बस्नेत (तिम्लाइ पछ्यौरी किन्दिउला), सिम्रन परियार बैनीको कहाँ पर्यो घर), शान्ति शिरिष मगर (युके बस्ने दाई), सीमा नेपाली (जयजय होस्), गरिमा कार्की (अन्त नभने) उत्कृष्ट पाँचमा छानिएका छन् । 'सर्वोत्कृष्ट लोकदोहोरी शब्द'तर्फ नेत्र अर्याल (तल्लो बाटो), सन्तोष सापकोटा (झलीको), विक्रमबाबु विश्वकर्मा (गण्डकी), सुरेश रानामगर (युके बस्ने दाई), दीपक अधिकारी (म त तिम्रो होइन मायालु), 'सर्वोत्कृष्ट लोक दोहोरी लय' तर्फ अर्जुन सापकोटा (झलीको), गोविन्द पङ्गेनी (भागौला त्रिशूली तरेर), एचबिएन किस्मत (खोली सलल), नन्दु परियार (स्याउली बजारमा), अशिम चन्द विश्वकर्मा (गण्डकी) छानिएका छन् । 'सर्वोत्कृष्ट लोकदोहोरी गीत' मा विनोद बाजुराली (हियारै), सुदीप अधिकारी (घुमाउने घर पोखरामा), सूर्य खड्का (पचास तिरको), कोमल नेपाली (स्याउली बजारमा), खुसी गुरुङ (हङकङको चिनो) छनोटमा परेका छन् । 'सर्वोत्कृष्ट लोक गीत' मा बालकुमार श्रेष्ठ (जप्दै नाम आमा), घनश्याम रिजाल (साथी), शम्भु कुँवर (तम्रो त यो दुनियाँ छ) सुरेश खत्री (ए आमा), दुर्गामाया गुरुङ (उहीसँग दिल बस्यो हजुर) तथा 'सर्वोत्कृष्ट लोक दोहोरी गीत नायक नृत्य' मा लोमश शर्मा (गोर्खे खुकुरी), गोविन्द पहाडी (नजर तेतै छ), बबिनसिंह ठकुरी (गुन्युचोलीमा), विजय पुन (युके बस्ने दाई), अनिल पौडेल (माया आउने बसमा) छनोटमा छन् । 'सर्वोत्कृष्ट लोकदोहोरी गीत नृत्य नायिका', 'सर्वोत्कृष्ट लोकदोहोरी गीत नृत्य निर्देशक', 'सर्वोत्कृष्ट लोकदोहोरी गीत अभिनय नायक' 'सर्वोत्कृष्ट लोकदोहोरी गीत अभिनय नायिका' आदि विधामा उत्कृष्ट पाँच छनोट भएका छन् । अन्य विधामा मिक्सिङ मास्टरिङ, गीत एरेन्ज, छायाङ्कन, सम्पादन, परम्परागत गीत, प्रतियोगी गायिका, दोहोरी साँझ गायक गायिका रहेका छन् ।

***-अनलाइन खबर डटकम***

# 'चमेलीको पोइ'को 'ओइ ओइ चमेली तम्रा शेरे खोइ' सार्वजनिक



एभरेस्ट सूर्य बोहरा निर्देशित नयाँ फिल्म 'चमेलीको पोइ' को शीर्ष गीत-ओइ ओइ चमेली, तिम्रा शेरे खोइ..सार्वजनिक गरिएको छ । सोमबार राजधानीमा एक कार्यक्रम गर्दै सार्वजनिक गीतमा राजनराज शिवाकोटी र इन्दिरा जोशीको स्वर,निर्देशक बोहराको शब्द र राजनराजको सङ्गीत छ । कविराज गहतराजले कोरियोग्राफी गरेको गीतमा नारायण त्रिपाठी,सुरक्षा पन्त र विल्सन विक्रम राई फिचर छन् । लोकआधुनीक शैलीको गीतले दर्शक,स्रोताको मन जित्नेमा आफू विश्वस्त भएको गायक तथा सङ्गीतकार राजनराजले सुनाए । कार्यक्रममा गीत गाएर माहौल तताएका राजनराजले नयाँ सङ्गीत सृजना गर्नका लागि केही समय आफूले 'विश्राम' लिएको तर अब पुन: सङ्गीतमा सक्रिय भइसकेको बताए । अभिनेत्री सुरक्षा पन्तले 'चमेलीको पोइ' बाट आफूले निकै आशा राखेको बताउँदै फिल्म उत्कृष्ट बनेको उल्लेख गरिन् । यसअघि निर्देशक बोहरासँग 'भैरे' मा काम गरेको स्मरण गर्दै 'चमेलीको पोइ' को जनरा आफूले निकै कम पाएको बताइन् । 'यसप्रकारको कमेडी तथा रियलबेसको फिल्म मेरो निकै थोरै छन्,' उनले भनिन्,'शीर्ष भूमिकामा रहेकाले पनि म निकै उत्साहित छु ।' अभिनेता मुकुन भुसालले केही निर्देशकले अफर गरेको भए तापनि यो नै सुरक्षासँग अभिनय गर्न पाएको पहिलो फिल्म भएको बताए । 'सुरक्षाजीसँग काम गर्ने ठुलो इच्छा थियो,केही निर्देशकले अफर गरेको भए तापनि जुरेको थिएन,यो फिल्ममा जुर्यो । निकै आशा लागेको छ ।' यसअघि थुपै हिट गीत लेखेका निर्देशक बोहरा 'ओइ ओइ चमेली' लाई आम दर्शकले आफ्नो 'ठूली' फिल्मको चर्चित गीत 'म त छु कि क्या हो ठूली' झैं मन पराउने बिश्वास ब्यक्त गरेका छन् । फिल्मबाट करिब डेढ दशकको अन्तरालपछि चर्चित हाँस्य अभिनेता नारायण त्रिपाठी (प्रेमचरो) को पुनरागमन भएको छ । फिल्ममा त्रिपाठीका साथमा मुकुन भुसाल,सुरक्षा पन्त,विलसन बिक्रम राई,उमेश राई,रबिन्द्र झा,गणेश गौतम,प्रेमदेव गिरी,अंशु महर्जन,बविन राई,खड्गबहादुर पुन,रजनी गुरुङ,मिना आरएल शाही,रितु मल्ल ठकुरी,तारा शर्मा,सुनीता सापकोटा,बिशाल पाण्डे,श्रेया नारायण,धनलक्ष्मी बोहरा,अनुष्का नारायणलगायतका कलाकारले अभिनय गरेका छन् । धनलक्ष्मी सिने मेकर्सको प्रस्तुतिमा निर्माण भएको फिल्म शेरबहादुर तामाङ्ले खिचेका हुन भने निर्मातामा सुनिता सापकोटा र राम नारायण उपाध्याय छन् । उदय विक्रम राणा,रितु मल्ल कुँवर,सुमीत्रा थापा र कपिल आचार्य कार्यकारी निर्माता रहेको फिल्मको सह निर्मातामा नारायण त्रिपाठी,यमप्रसाद ओली,सुदीप कुँवर र प्रदिप कुमार सापकोटा छन् । धनलक्ष्मी श्रेष्ठ बोहरा लाइन प्रोड्युसर रहेको फिल्ममा कुमार महर्जनको द्वन्द्व निर्देशन छ । बन्दे प्रसादले सम्पादन गरेको फिल्म आरआर फिल्मस्ले बितरण गर्दैछ ।

***-रातोपाटी डटकम***

# अवैध लागूऔषध सहित १९ जना पक्राउ



**पाल्पा,** साउन ५/देशका विभिन्न स्थानबाट अवैध लागूऔषधसहित १९ जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार रूपन्देही, पर्सा, महोत्तरी, कैलाली, धनकुटा, मकवानपुर, बारा, काठमाडौं लगायतका स्थानबाट अवैध लागूऔषधसहित १९ जना पक्राउ परेका हुन् ।

रूपन्देहीको कञ्चन गाउँपालिका-४ बेलडाँडाबाट अवैध लागूऔषधसहित एक जना पक्राउ परेका छन् । खैरो हेरोइन जस्तो देखिने पदार्थ ३ सय मिलिग्राम सहित सैनामैना नगरपालिका-१० सालझण्डी बस्ने ३१ वर्षीय सन्दिप पुनलाई प्रहरीले पक्राउ गरेको हो । यस्तै पर्साको जगरनाथपुर गाउँपालिका-४ सुहपुरबाट अवैध लागूऔषध सहित एक जना पक्राउ परेका छन् । गाँजा २० किलो ६ सय ८७ ग्राम सहित भारत बिहार सितागढी पंचायत तालका डुम्रा-३३ बस्ने ३४ वर्षीय रहमद अंसारीलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको हो । इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीबाट खटिएको प्रहरीले चितवनबाट भारतको सुगौलीतर्फ जाँदै गरेको बिआर ०६ बिएच ५४९६ नम्बरको कार जाँच गर्दा उक्त गाँजा फेला पारी चालक अंसारीलाई पक्राउ गरेको हो । यस्तै महोत्तरीको बर्दिबास नगरपालिका-३ गौरीडाँडाबाट अवैध लागूऔषधसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ । खैरो हेरोइन जस्तो देखिने पदार्थ २६ ग्राम ९ सय ९० मिलिग्राम सहित भारत बिहार मधुबनी पंचायत मधवापुर-५ बस्ने २४ वर्षीय राजा कुमार मण्डललाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको हो । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय बर्दिबास समेतबाट खटिएको प्रहरीले जनकपुरबाट काठमाडौंतर्फ जाँदै गरेको बागमती प्रदेश ०१-००७ ख ८२१ नम्बरको हायसमा सवार उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरिएको जनाएको छ । यस्तै काठमाडौं महानगरपालिका-३१ प्रयाग मार्गबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ११ ग्राम २ सय ५० मिलिग्राम सहित सोही ठाउँ डेरा गरी बस्ने झापा दमक घर भएका सोहम बस्नेत समेत ५ जनालाई प्रहरीले पक्राउ गरेको छ । काठमाडौंकै चन्द्रागिरी नगरपालिका-२ नागढुङ्गाबाट नियन्त्रित लागूऔषध नाइट्राजेपाम ६ सय ५७ ट्याब्लेट सहित धनुषा गणेशमान चारनाथ नगरपालिका-५ बस्ने २५ वर्षीय सुबास मानन्धरसहित २ जनालाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय नागढुङ्गा समेतबाट खटिएको प्रहरीले महोत्तरी सम्सीदेखि काठमाडौंतर्फ आउँदै गरेको बा.प्र.०३-००१ ख ३८८६ नम्बरको बसमा सवार उनीहरूलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो । यस्तै बाराको कलैया उपमहानगरपालिका-१९ पचायनपुर बस्ने २० वर्षीय सनोज पटेललाई अवैध लागूऔषध गाँजा जस्तो देखिने पदार्थ करिब ७ सय ५० ग्राम सहित प्रहरीले पक्राउ गरेको छ । अस्थायी प्रहरी पोष्ट गंगापुरबाट खटिएको प्रहरीले सनोजले सोही ठाउँमा सञ्चालन गरेको घुम्ती पसल तलासी गर्दा उक्त पदार्थ फेला पारी पक्राउ गरेको हो ।

यस्तै मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१५ बाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ४ सय ६० मिलिग्राम सहित सोही ठाउँ बस्ने ३९ वर्षीय आइतमान थिङलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । साथै प्रहरीले थप अनुसन्धानको लागि १ जनालाई नियन्त्रणमा लिएको छ । यसैगरी मकवानपुरको हेटौंडा उपमहानगरपालिका-३ लेवट चोकबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ९ सय मिलिग्राम सहित २ जनालाई सोमबार बेलुकी प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही उपमहानगरपालिका-३ जम्बुचौतारा बस्ने २२ वर्षीय रबि स्याङ्तान र राक्सिराङ गाउँपालिका-१ बस्ने २४ वर्षीय सुजन स्याङ्तान रहेका छन् । यस्तै धनकुटाको शहिदभूमी गाउँपालिका-१ पाङ्नामबाट नियन्त्रित लागूऔषध ट्रामाडोल ३० ट्याब्लेट सहित भोजपुर हतुवागढी गाउँपालिका-९ उखुबारी बस्ने २३ वर्षीय हिलसन राईलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी त्रिवेणीबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । यस्तै कैलालीको टीकापुर नगरपालिका-८ सत्ति पुलबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ७ सय ८० मिलिग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा बर्दिया राजापुर नगरपालिका-१ बस्ने २२ वर्षीय हिमाल चलाउने र २५ वर्षीय राजेन्द्र रावत रहेका छन् । यसैगरी कैलालीकै गौरीगंगा नगरपालिका-२ बाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ २ सय १० मिलिग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने २८ वर्षीय कृष्ण साउँद र २३ वर्षीय खेम साउँद रहेका छन् ।

# सरकारले हटायो शिक्षा...

...उनले करको दायरा विस्तार गरेर अर्थतन्त्रलाई अझ व्यवस्थित बनाउने लक्ष्यसहित उक्त व्यवस्था ल्याइएको बताए । प्रधानमन्त्री शाहले नागरिक तहमा समता देखिएको समता करप्रतिको प्रतिक्रियाले सरकारको गम्भीर ध्यानाकर्षण गरेको र नागरिकको माग सुन्दै अगाडि बढ्न तथा समतामूलक समाज निर्माण गर्न आफूहरुको प्रतिबद्धता अटल र स्पष्ट रहेको बताए । "सरकारका सबै निर्णय नागरिकको हितलाई केन्द्रमा राखेर गरिएका छन् र गरिने छन् । कुनै निर्णयप्रति नागरिक असन्तुष्ट भएमा त्यसमा सुधार र परिमार्जन गर्न सरकार सधैं तयार रहनेछ", प्रधानमन्त्री शाहले भने, "विपन्न र गरिब नागरिकले गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा पाउन सकून् भन्ने उद्देश्यले निजी अस्पतालमा १० प्रतिशत शैया र निजी क्याम्पस तथा विश्वविद्यालयमा १० प्रतिशत सिट पारदर्शी र न्यायोचित रूपमा उपलब्ध गराउने नीति कार्यान्वयन गर्न सरकार प्रतिबद्ध छ ।"

- *-रासस*

## खेलकुद समाचार

### साफ च्याम्पियनसिप ढाकामा हुने




**काठमाडौं,** साउन ५/ दक्षिण एसियाकै प्रतिष्ठित फुटबल प्रतियोगिता साफ च्याम्पियनसिप बङ्गलादेशको राजधानी ढाकामा हुने भएको छ । दक्षिण एसियाली फुटबल महासै (साफ) ले १५ औँ संस्करणको साफ च्याम्पियनसिपको आयोजना मिति र आयोजक देशको औपचारिक घोषणा गर्दै छ आउँदो कात्तिक १८ देखि मंसिर १ गतेसम्म ढाकामा आयोजना हुने जनाएको हो ।

साफका महासचिव पुरुषोत्तम कट्टेलले फिफा विश्वकप २०२६ सम्पन्न भए लगत्तै साफको घोषणा हुनु दक्षिण एसियाली फुटबल प्रेमीका लागि उत्साहजनक भएको बताएका छन् । प्रतियोगिताको आधिकारिक लोगो साउन ९ गते ढाकामा सार्वजनिक गर्ने कार्यक्रम तय गरिएको छ । त्यस्तै प्रतियोगिताको गोलाप्रथा साउन १६ गते भुटानको थिम्पुमा हुने साफले जनाएको छ ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# कोरियन भाषा परीक्षाको आवेदन खुल्यो




**पाल्पा,** साउन ५/ रोजगार अनुमति प्रणाली (इपिएस) अन्तर्गत कोरियन भाषा परीक्षाको आवेदन खुला भएको छ । इपिएस कोरिया शाखालेसूचना जारी गर्दै भाषा परीक्षाका लागि इच्छुक नेपाली नागरिकबाट आवेदन माग गरेको हो । सन् २०२६ का लागि प्रथम चरणको आवेदन यही जुलाई २७ देखि अगस्ट २ सम्म दिन सकिने छ। यसपटक पनि आवेदन अनलाइनमार्फत दिन सकिने शाखाले जनाएको छ । यस वर्षदेखि दुई वटा नयाँ क्षेत्र थप भएका छन् । यसअघि उत्पादनमुलक, कृषि तथा पशुपालन क्षेत्र र सिप बिल्डिङमा मात्र परीक्षा हुने गरेको थियो । यसपटक सेवा र वन क्षेत्र थप भएका हुन् । शाखाका अनुसार पोइन्ट बेस्ड सेलेक्सन सिस्टमबाट अनुमानित उत्तीर्ण संख्या ७ हजार २०० हुने अनुमान छ । जसमा सबैभन्दा बढी उत्पादनमुलक क्षेत्रमा ५ हजार उत्तीर्ण हुने अनुमान छ । यसैगरी कृषि तथा पशुपालन क्षेत्रमा २ हजार, सेवा क्षेत्रमा १ हजार र वन क्षेत्रमा पनि १ हजार कोटा तोकिएको छ । प्रथम चरणको भाषा परीक्षामा उत्तीर्ण संख्याका आधारमा कटलाइन निर्धारण हुनेछ । कोरियामा कामदारको मागअनुसार उत्तीर्ण संख्या थपघट हुनसक्छ । आवेदन संकलन प्रक्रिया सम्पन्न भई आवेदक संख्या निर्धारण भएपश्चात कार्यालयले परीक्षाको मिति तथा तालिका सार्वजनिक गर्ने शाखाले जनाएको छ । एक दिनमा बढीमा ५ सिृटमा परीक्षा सञ्चालन हुने र आवेदक संख्याका आधारमा वा अन्य विविध कारण आइपरेमा परीक्षा तालिका फेरबदल हुन सक्नेछ । एक व्यक्तिले एउटा क्षेत्रमा मात्र आवेदन दिन पाउने छन् । प्रथम चरण उत्तीर्ण गरेपछि छनोट गरिएको क्षेत्र परिवर्तन गर्न पाइने छैन । प्रथम चरणको भाषा परीक्षामा उत्तीर्ण परीक्षार्थीहरूले दोस्रो चरणको सीप परीक्षण र कार्यक्षमता मूल्यांकनमा पनि उत्तीर्ण भएपछि मात्र अन्तिम छनोटमा पर्न सक्नेछन् । उत्पादनमूलक क्षेत्र, कृषि तथा पशुपालन क्षेत्र, सेवा क्षेत्र र वन क्षेत्रतर्फ परीक्षाको आवेदन फारम भर्दा सम्बन्धित क्षेत्रको कुनै एक उपक्षेत्र अनिवार्य छनौट गर्नु पर्नेछ । नेपाली नागरिक, उमेर १८ वर्ष पुरा भई ३९ वर्ष ननाघेको, फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको, गणतन्त्र कोरियामा गई गैरकानुनी रूपमा बसोबास गरी कोरियाबाट फिर्ता नपठाइएको, नेपाल सरकारले अन्य मुलुकमा जान रोक नलगाएको र कोरियामा ई-९ वा ई-१० भिसामा ५ वर्ष वा सो भन्दा बढी नबसेको हुनुपर्ने छ ।

बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई